# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, श्रावण ३० गते, २०७९ साल (अतिरिक्ताङ्क १३


## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

## कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९

<u>प्रस्तावना</u>ः प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायहरुबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, प्रभावकारी एवं सेवाग्राही मैत्री

बनाउन उक्त सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको कामप्रती उत्प्रेरित र जवाफदेही बनाउने उद्देश्यले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी देहायका कार्यविधि बनाएको छ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम **"कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९"** रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कर्मचारी"** भन्नाले प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायमा कार्यरत प्रदेश निजामती सेवा, संघीय निजामती सेवाबाट कामकाजमा रहेका र सेवा करारमा कार्यरत राष्ट्रसेवक सम्झनु पर्छ।

(ख) **"प्रोत्साहन रकम"** भन्नाले आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. १९१ मा समावेश भएको, प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउने भनिएको एक महिनाको शूरु तलब स्केल बराबरको एकमुष्ठ रकम सम्झनु पर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ सम्झनु पर्छ।

(घ) **"सार्वजनिक निकाय"** भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय, केन्द्र, इकाई वा यस्तै प्रकृतिका सार्वजनिक सेवा प्रवाह गर्ने संगठित संस्था सम्झनु पर्छ।

३. <u>प्रोत्साहन रकम पाउने</u>: (१) स्वीकृत दरबन्दी भित्र रही प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायमा न्युनतम ६(छ) महिना भन्दा बढी अवधि देखि निरन्तर कार्यरत रहेका देहाय बमोजिमका कर्मचारीहरुले प्रोत्साहन रकम प्राप्त गर्नेछन्

(क) प्रदेश निजामती सेवामा समायोजन भएका कर्मचारी

(ख) प्रदेश सरकारले नियुक्त गर्ने प्रदेश निजामती सेवाको कर्मचारी

(ग) संघीय निजामती सेवामा रहि प्रदेशमा कामकाजमा रहेका कर्मचारी

(घ) प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायमा सेवा करारमा कार्यरत कर्मचारी

४. <u>प्रोत्साहन रकम उपलब्ध गराउनुपर्ने</u>: (१) प्रदेश सरकार एवं अन्तर्गतका सार्वजनिक निकायले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन रकम दफा ३ को उपदफा (१) बमोजिमका कर्मचारीको हकमा श्रावण महिनादेखि नै भुक्तानी गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने सार्वजनिक निकायले जुन बजेट उपशिर्षकबाट तलब भुक्तानी गर्ने हो सोही बजेट उपशिर्षकबाट कर्मचारी प्रोत्साहन रकम समेत खर्च लेख्नुपर्नेछ।

(४) सार्वजनिक निकायले प्रोत्साहन रकम उपलब्ध गराउँदा उक्त सार्वजनिक निकायलाई तलब भुक्तानी गर्न बजेट अपुग हुने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप बजेट माग गर्नु पर्नेछ।

५. <u>प्रोत्साहन रकम प्रदान गर्न नसकिने अवस्थाः</u> (१) प्रदेश सरकार अन्तर्गतका निकायहरुमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउन सकिने छैनः

(क) प्रचलित कानून बमोजिम निलम्बनमा परेको कर्मचारी

(ख) प्रचलित कानून बमोजिम बर्खास्त गरिएको कर्मचारी

(ग) दफा ३ को उपदफा (१) बमोजिमको न्युनतम अवधि पुरा नगरेका कर्मचारी

६. लेखा तथा लेखापरीक्षणः यस कार्यविधि बमोजिम उपलब्ध गराइएको प्रोत्साहन रकमको सम्बन्धित सार्वजनिक निकायले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नु, गराउनु पर्नेछ।

७. बाधा अड्काउ फुकाउन सकिनेः यस कार्यविधि बमोजिम प्रोत्साहन रकम प्रदान गर्न कुनै बाधा परेमा मन्त्रालयले उक्त बाधा अड्काउलाई फुकाउन सक्नेछ।

प्रकाशन मितिः- २०७९/०५/०१

आज्ञाले,
शिव कुमार कार्की
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**